# प्रदेश सरकार
## प्रदेश नं ५
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## बुटवल, नेपाल

सचिव बैठक न : २४
मिति : २०७५।१२।१

उपस्थिति

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री यामनारायण देवकोटा | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री लोकनाथ सापकोटा | नि. सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

क. यस प्रदेशमा समायोजन भई आएका तथा कामकाज गर्न संघीय मन्त्रालयहरुबाट काज खटाएका कर्मचारीहरुलाई पदस्थापन तथा कामकाज गर्न खटाउनका लागि मन्त्रालय र अन्तर्गतका निकायहरुको रिक्त दरवन्दीको विवरण तयार गर्ने ।

ख. यसरी पदस्थापन गर्दा र कामकाज गर्न खटाउँदा प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत प्रदेश सेवाका कर्मचारी (व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०७५ को अनिवार्य रुपमा पालना गर्ने ।

२. चौमासिक समीक्षा वैठक सम्वन्धमा ।

क. सवै मन्त्रालयले चालू आ.व.को दोश्रो चौमासिक अवधिको मन्त्रालयगत प्रगति समिक्षा बैठक २०७५।१२।८ भित्र सम्पन्न गर्ने । समिक्षामा कार्यक्रम तथा आयोजनाहरुको दोश्रो चौमासिक अवधिसम्मको समष्टिगत प्रगति, खर्च स्थिति र प्रारम्भ हुन नसकेका कार्यक्रम तथा आयोजनाहरु तथा कार्यान्वयन भइरहेका आयोजनाहरुमा देखिएका समस्याहरु उपर विस्तृत छलफल गरी समाधान खोजिनुपर्ने ।

ख. समिक्षाका क्रममा पहिचान भएका कुनै समस्या त्यहाँवाट समाधान हुन नसकेमा समाधानका विकल्पहरु सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ।

ग. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा र सवै माननीय मन्त्रीज्यूहरुको उपस्थितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा देहायबमोजिमको मिति र समयमा चौमासिक समीक्षा बैठक आयोजना गरिएकाले सबै सचिवहरु अनिवार्य रुपमा उपस्थित भई सचिव आँफैले तोकिएको ढाँचामा प्रगति प्रस्तुत गर्ने ।

| मिति | समय | मन्त्रालय/ निकाय |
|---|---|---|
| २०७५ चैत्र १० | १०:३० देखि १३:०० | सामाजिक विकास मन्त्रालय |
| | १३:३० देखि १६:३० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २०७५ चैत्र ११ | १०:३० देखि १५:३० | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २०७५ चैत्र १२ | १०:३० देखि १४:०० | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| | १४:३० देखि १६:३० | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

३. नेपाल सरकारका विभिन्न निकायहरुबाट प्राप्त भई प्रदेशका विभिन्न मन्त्रालय वा अन्तर्गत रहेका निकायहरुमा प्रयोग भइरहेका सवारी साधनहरु विधिवत हस्तान्तरण भई आम्दानी बाँधन वा अन्य कुनै प्रक्रिया पुऱ्याउन बाँकी रहेको भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्व पत्र बमोजिम विवरण सहित एक हप्ताभित्र उक्त कार्यालयमा पठाउने । यसरी प्राप्त विवरणलाई एकिकृत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हस्तान्तरण व्यवस्थाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने ।

०७५/१२/५